म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३३५ सोमबार ३१ असार २०८१ ने. सं. ११४४ दिल्लाथ्व 15 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## वंशगोपाल दुग्ध सहकारीमा अन्तरक्रिया

हेटौंडा, ३० असार/हेटौंडा-६, चौघडामा रहेको बंशगोपाल दुग्ध उत्पादक सहकारी संस्थाले एक दिवसीय अन्तरक्रिया आयोजना गरेको छ । दुग्ध उत्पादक किसानलाई परेका समस्या र समाधान कसरी गर्न सकिन्छ ? भन्ने उद्देश्यले अन्तरक्रिया आयोजना गरिएको हो । किसानलाई परेको समस्या पहिचान गर्न विभिन्न ५ वटा उपसमूह बनाइएको थियो । सहभागीले दूधको भूक्तानी समयमै पाउनु पर्ने, पशु आहारको ब्यवस्थापन सधैं हुनुपर्ने, कार्यालय ब्यवस्थित र सफा राख्नुपर्ने, दूधको मूल्य बढाउनु पर्ने, कर्जाको ब्याजदर घटाउनुपर्नेमा जोड दिएका थिए । यसैगरी दुग्ध सहकारी संस्थाको छाता संगठनले दूधको भुक्तानीमा पहल गर्नुपर्ने, किसानको हित हुने किसिमको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सहभागीले जोड दिएका थिए । कार्यक्रममा संस्थाका अध्यक्ष रामहरि चौलागाई, निवर्तमान अध्यक्ष केशव सञ्जेल, सञ्चालक सदस्य सूर्यप्रसाद दुलाल, ब्यवस्थापक लक्ष्मण सापकोटा लगायतले सहजीकरण गरेका थिए । हेटौडा-६ का वडाअध्यक्ष विष्णु बहादुर दाहालको प्रमुख आतिथ्यता एवम् सहकारी संस्थाका उपाध्यक्ष एवम् कृषक हितकोषका संयोजक केशव धितालको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

# बागमतीमा भत्तामै २५ करोड बढी खर्च

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ संघीय सरकारको चालुखर्च चुलिंदै गएको र पूँजीगत खर्च संकुचित हुँदै गएको भन्दै ब्यापक बिरोध भइरहेको समयमा प्रदेश सरकारले पनि चालुखर्च नियन्त्रण गर्न सकेको छैन ।



बागमती प्रदेश सरकारबाट भत्ता शीर्षकमा मात्रै २५ करोड रुपैयाँ भन्दा बढी खर्च भएको छ । स्थानीय भता, महंगी भत्ता, कर्मचारी बैठक भत्ता, पदाधिकारी भता अन्य भर्तातर्फ २५ करोड २५ लाख ५ हजार रुपैयाँ खर्च भएको प्रदेश लेखानियन्त्रक कार्यालयले जनाएको छ । कतिपय भत्ताहरु दोहोरो सुबिधाका रुपमा खर्च भएको छ । कर्मचारीले दोहोरो सुबिधा लिएको पाइएको छ ।

भत्ता शीर्षकअन्तर्गत ३७ करोड ३६ लाख ९६ हजार रुपैयाँ विनियोजन भएको थियो । स्थानीय भत्तातर्फ ८० लाख ७४ हजार रुपैयाँ विनियोजन गरिएकोमा ३९ लाख ६९ हजार रुपैयाँ खर्च भएको छ । महँगी भत्तातर्फ विनियोजित १२ करोड १७ लाख ८५ हजार रुपैयाँमध्ये ८ करोड १० लाख ५९ हजार रुपैयाँ खर्च भएको हो । कर्मचारी बैठक भत्तातर्फ ४ करोड २२ लाख ७० हजार रुपैयाँ विनियोजन भएकोमा २ करोड ५३ लाख ९७ हजार रुपैयाँ खर्च भएको छ ।

अन्य भत्तातर्फ विनियोजित ५ करोड ६१ लाख ४० हजार रुपैयाँमध्ये ३ करोड ९० लाख ४ हजार रुपैयाँ, पदाधिकारी बैठक भत्तातर्फ विनियोजित २ करोड २५ लाख १९ हजार रुपैयाँमध्ये ७८ लाख ५७ हजार रुपैयाँ खर्च भएको छ । पदाधिकारी अन्य भत्तातर्फ विनियोजित १ करोड ५१ लाख ८७ हजार रुपैयाँमध्ये ९५ लाख ४५ हजार रुपैयाँ खर्च गरेको छ । पदाधिकारी अन्य सुविधातर्फ १० करोड ७७ लाख २० हजार रुपैयाँ विनियोजन भएकोमा ८ करोड ५६ लाख ७३ हजार रुपैयाँ खर्च भएको छ ।

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा जम्मा ४५ अर्ब ६६ करोड ७९ लाख ९९ हजार रुपैयाँ खर्च गरेको छ । प्रदेशका १३ मन्त्रालय, संवैधानिक निकाय र मातहतका कार्यालयबाट चालु तथा पुँजीगततर्फका विभिन्न शीर्षक अन्तर्गत कुल ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँमध्ये १७ अर्ब ४ करोड १० लाख ७८ हजार रुपैयाँ फ्रिज भएको छ । नगरी नहुने काम बाहेक नियमित काममा पनि अतिरिक्त भत्ता राखेर राज्यकोष दुरुपयोग भएको बताइएको छ ।

प्रदेश सरकारको कुल बिनियोजित बजेटको २३ प्रतिशत रकम फ्रिज भएको प्रदेश लेखानियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ । प्रदेश सरकारले चालुतर्फ २६ अर्ब २९ करोड ४ लाख ६५ हजार रुपैयाँ विनियोजन गरेकोमा १७ अर्ब १२ करोड ५५ लाख २ हजार रुपैयाँ खर्च गरेको छ । चालुतर्फ प्रदेश सरकारको ९ अर्ब १६ करोड ४९ लाख ६२ हजार रुपैयाँ फ्रिज भएको प्रदेश लेखानियन्त्रक हरिप्रसाद उपाध्यायले जानकारी दिए । उपाध्यायका अनुसार प्रदेश सरकारले पुँजीगततर्फ ३५ अर्ब ९१ करोड ८६ लाख १३ हजार रुपैयाँमध्ये २८ अर्ब ५४ करोड २४ लाख ९७ हजार रुपैयाँ खर्च गरेको छ भने ७ अर्ब ३७ करोड ६१ लाख १५ हजार रुपैयाँ फ्रिज भएको छ ।

प्रदेश सरकारले चालु खर्चतर्फ कर्मचारी पारिश्रमिकमा २ अर्ब ५ करोड ३५ लाख ५६ हजार रुपैयाँ र पदाधिकारी पारिश्रमिकतर्फ ११ करोड ९४ लाख ६९ हजार रुपैयाँ खर्च गरेको छ । पोशाक खर्च शीर्षकअन्तर्गत ५ करोड ५५ लाख ३० हजार रुपैयाँ खर्च गरेको छ । खाद्यान्न बापत ६ करोड ६९ लाख ६३ हजार रुपैयाँ खर्च गरेको छ । प्रदेश सरकाले अनावश्यक खर्च कटौती गरी अति आवश्यक खर्चमात्र गर्ने र पूँजीगत खर्च प्रभावकारी रुपमा गर्नुपर्ने बताइएको छ ।

बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले आइतबार बागमती प्रदेशसभाबाट पारित भई आएको अर्थसम्बन्धी दुईवटा विधेयक प्रमाणीकरण गरेका छन् । प्रदेशप्रमुख शर्माले प्रमाणीकरण गरेको विधयेकमध्ये आव २०८१/८२ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न बनेको विधेयक, २०८१ रहेको प्रदेशप्रमुख सचिवालयका प्रवक्ता गोविन्दप्रसाद पौडेलले जानकारी दिए ।

ती दुई विधेयक प्रदेशप्रमुख शर्मासमक्ष प्रमाणीकरण गर्न प्रदेशसभाका सभामुख भुवनकुमार पाठक र प्रमुख सचिव कृष्णहरि खड्काले हस्ताक्षरगरी पठाएका थिए । दुवै विधेयक प्रदेशप्रमुख शर्माले प्रमाणीकरण गरेको प्रदेशसभा सचिवालयका सचिव पूर्णबहादुर दर्जीले जानकारी दिए ।

# हेटौंडा उपमहानगर पूर्णखोप सुनिश्चिता भएको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ हेटौडा उपमहानगरपालिकालाई पूर्णखोप सुनिश्चितता भएको पालिका घोषणा गरिएको छ । हेटौडा उमहानगरपालिकामा आइतवार आयोजित कार्यक्रममा उपमहानगरलाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको हो ।



उपमहानगरभित्र रहेका ५ वर्षमुनिका ७ हजार १ सय ८५ जना बालबालिकालाई पूर्णखोप लगाइएको उपमहानगर स्वास्थ्य शाखाप्रमुख सूर्यप्रसाद तिवारीले बताए । उपमहानगरभित्र रहेका ५ वर्षमुनिका सम्पूर्ण बालबालिकालाई खोप दिएसँगै उपमहानगरलाई पूर्णखोप सुनिश्चितता भएको प्रमाणपत्र जिल्ला खोप समन्वय समिति मकवानपुरका सचिव कृष्णबहादुर मिजारले उपमहानगर प्रमुख मीनाकुमारी लामालाई हस्तान्तरण गरेका थिए ।

उपमहानगरको स्वास्थ्य शाखाका अनुसार नगरक्षेत्रमा खोप लगाउन तयार भएका १५ महिना मुनिका ३ हजार ९४१ जना बालबालिकाको तथ्याङ्क तयार गरेर राखिएको जनाएको छ । उनीहरुलाई समय पुगेसँगै खोप अभियानमा समावेश गरीने शाखाले जनाएको छ । गत चैतदेखि उपमहानगरलाई पूर्णखोप घोषणा गर्ने अभियान संचालन गरिएको थियो । स्वास्थ्यकर्मी, महिला स्वयंसेविका र जनप्रतिनिधि घर/घरमा पुगेर बालबालिकालाई खोप लगाउने कार्य गरेको उपमहानगरका स्वास्थ्य शाखाप्रमुख तिवारीले जानकारी दिए । पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमको सभाध्यक्ष नगरप्रमुख लामाले पूर्णखोपलाई दिगोपन दिनका लागि स्वास्थ्यकर्मी, महिला स्वयसेविका र जनप्रतिनिधि सधै सक्रिय रहनु पर्ने बताइन् ।

उपमहानगरलाई बालमैत्री पालिका घोषणा गर्नका लागि पूर्णखोप महत्वपूर्ण सूचक रहेको उनले बताइन् । कार्यक्रममा उपमेयर राजेश बानियाँ, स्वास्थ्य निर्देशनालयका महाशाखाप्रमुख सागर घिमिरेले खोपका बारेमा बोलेका थिए । कार्यक्रममा १९ वटै वडाका वडाध्यक्ष र स्वास्थ्यकर्मीलाई खादा ओढाएर सम्मानसहित कदर पत्र प्रदान गरिएको थियो । १९ वटा वडामा विभाजित नगरमा २२ वटा स्वास्थ्यसंस्था छन् ।

# रोटरी क्लब अफ हेटौंडामा ढकालको पदस्थापना

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/रोटरी क्लब अफ हेटौंडाको वर्ष २०२४/२०२५ का लागि नयाँ नेतृत्व सहितका कार्यसमितिको पदस्थापन गरिएको छ । रोटरी क्लब अफ हेटौंडा ३२ वर्ष पूरा गरी ३३ वर्ष लागेको अवसरमा नयाँ नेतृत्वको पनि सपथग्रहरण गरेर पदस्थापन गरिएको हो ।

सामाजिक क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको यस संस्थाले आगामी दिनमा पनि सामाजिक कार्यलाई थप अगाडि बढाउने बताइएको छ । रोटरी क्लबअफ हेटौंडाको अध्यक्षमा प्रकाश ढकाल र कार्यसमितिको पदस्थापन भएको हो । शनिबार हेटौंडामा भएको कार्यक्रमबाट रोट्रयाक्ट क्लब अफ हेटौंडा र इन्ट्रयाक्ट क्लब अफ बालजागृतिको पनि पदस्थापन गरिएको छ ।

क्लबको वर्ष २०२३/२४ का अध्यक्ष स्वागतराज प्याकुरेलको सभाध्यक्षता तथा रोटरी डिष्ट्रिक्ट ३२९२, जोन ३६ का ए.जी.रो विष्णुप्रसाद शर्माको प्रमुख आतिथ्यमा पदस्थापन भएको हो । प्याकुरेलले अध्यक्षको पद ढकाललाई हस्तान्तरण गरेपछि क्लबको ३३ औं अध्यक्षको रुपमा रोटरी क्लबको वर्ष २०२४/२५ मा पदस्थापित भएर क्लबका लागि विभिन्न पदमा सदस्यलाई जिम्मेवारी पनि प्रदान गरिएको थियो । क्लबको इलेक्ट अध्यक्षमा प्रमेश प्रधान, नोमिनी अध्यक्षमा अर्जुन सुवेदी, उपाध्यक्षमा हरिवंश भेटवाल, सचिवमा उमाप्रसाद रौनियार र कोषाध्यक्षमा रोशन सेन गुप्ता, रोटरी वर्ष २०२४/२५ का लागि चयन भएका छन् ।

एक वर्षका लागि अध्यक्षमा निर्वाचित भएका ढकालले एक वर्षको कार्ययोजनाका बारेमा जानकारी गराएका थिए । उनले माइक्रोक्रेडिट कार्यक्रम सञ्चालित समूहमा सिलाईकटाई तथा सेनेटरी प्याड निर्माणसम्बन्धी एड्भान्स तालिम सञ्चालन गरी आत्मनिर्भर भई व्यवसाय सञ्चालनमा सहयोग पुऱ्याउने बताए । राष्ट्रिय रोटरी मावि मनहरी र बालज्योति आधार भूत विद्यालय प्रतापपुरलाई ह्याप्पी स्कूलको अवधारणाअन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्ने योजना प्रस्तुत गरे ।

प्रत्येक वर्ष २ पटक गरिँदै आएको नि:शुल्क आँखा शिविर यस वर्ष पनि सञ्चालन गरिने उनको योजना छ । पदस्थापना कार्यक्रमा हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडाध्यक्ष नवीन सिग्देलको विशिष्ट आतिथ्य रहेको थियो । चार्टर मेम्बर तथा पूर्वअध्यक्ष माधव अधिकारी, विजय अधिकारी र फस्ट लेडी अजिता ढकाललगायतको उपस्थिति रहेको थियो ।

# सुनाचुरी सामुदायिक वन उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ डिभिजन वन कार्यालय राप्ती मनहरी भित्रका सामुदायिक वनहरुमध्ये मनहरी गाउँपालिका ६ सुनाचुरीमा रहेको सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह सर्वोत्कृष्ट भएको छ ।

कार्यालयले आर्थिक वर्ष २०८०/८१ का लागि उत्कृष्ट कार्यसम्पादन गरेको भन्दै समूहलाई नगदसहित सम्मानपत्र हस्तान्तरण गरेको हो । डिभिजन वन कार्यालय राप्ती मनहरीमा आइतबार आयोजित पुरस्कार तथा प्रमाणपत्र हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै डिभिजन वन कार्यालय राप्तीका प्रमुख लोकराज नेपालले सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहबाट अन्य समूहले पनि सिक्नुपर्ने बताए ।

उनले अन्य केही सामुदायिक वनको व्यवस्थापन राम्रो रहे पनि कतिपय सामुदायिक वन उपभोक्ता समूहको बार्षिक साधारण सभा, लेखाप्रतिवेदन तथा विधान र कार्ययोजना समेत नवीकरण नभएको पाइएको बताए । डिभिजन वन कार्यालय राप्ती मनहरी अन्तर्गत ४०२ वटा सामुदायिक वन समूह रहेका छन् । तीमध्ये उत्कृष्ट सामुदायिक वन पुरस्कारका लागि चित्लाङ र मनहरी सव डिभिजन वन कार्यालयले मात्रै सिफारिस गरेका थिए ।

नियमित वार्षिक साधारण सभा, लेखापरीक्षण, वनसंरक्षण, वनविकास कोषको परिचालन, उपभोक्ताको सहभागिता लगायत बिषयमा सामुदायिक वनको मूल्यांकन गरिएको हो ।

प्रमाणपत्र तथा पुरस्कार हस्तान्तरण कार्यक्रममा वन समूहकी अध्यक्ष पार्वती तामाङ, सचिव रमेश कार्कीसहित वनअधिकृतहरु सुरेशप्रसाद गुप्ता, गगन शर्मा, सव डिभिजन वन कार्यालय मनहरीका दामोदर पाण्डे, रुपकुमार ब्लोन, सुजन मुक्तानसहितका कर्मचारीको सहभागिता रहेको थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्धारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।


हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्धारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७



साझाकुरा

## हाम्रो कुरा

# सत्तापरिवर्तन र युवा सीपवर्ष

बागमती प्रदेशका १६ वर्षदेखि ३० वर्ष उमेर समूहका युवाको सहभागितामा केही समयअघि हेटौंडामा युवा सम्मेलन गरिएको थियो । सम्मेलनमा २०८१ लाई युवा सीपवर्ष घोषणा गरियो । सत्ता परिवर्तनसँगै घोषणा पनि परिवर्तन हुने हो कि भन्ने चिन्ता युवाबर्गमा बढेको छ । नेपालमा प्रचुर सम्भावना भएपनि युवापलायन रोक्ने सरकारको कुनै तयारी छैन । कृषि पेशालाई उद्यमशीलतामा लैजानसके युवालाई विदेश जानबाट रोक्न सकिने थियो । उद्यमशीलताको पहिलो आधार कृषिपेशा रहेकाले यसमा जोड दिन तीनै तहका सरकारले ध्यान दिनुपर्ने छ । देशमै कृषि, पर्यटन, उर्जा र आईटी क्षेत्रमा उद्यमशीलताको सम्भावना छ भन्ने कुरा सबैलाई थाहा छ । युवालाई अवसर दिएर स्वदेशमै ब्यस्त बनाउन कसैले रोकेको छ भने त्यो सरकारले रोकेको छ ।

पछिल्ला दिनमा राजनीतिक दलका हर्कत र राजनीतिक घटनाक्रमले १२ कक्षा उत्तीर्ण गरेका युवा स्वदेशमा बस्नै चाहँदैनन् । यो वातावरण कसले बनाएको ? किन नेपालबाट युवा पलायन रोकिएन ? यो विषयमा आवाज बुलन्द हुनु जरुरी छ । युवा सम्मेलनले घोषणा गरेको युवा पलायन रोक्ने र युवा सीपवर्ष कार्यान्वयनमा जानका लागि सत्तासमिकरणले कति असर गर्छ त ? सत्ता परिवर्तनसँगै यो अभियान पनि सेलाउने त होइन ? युवा सम्मेलनको नारा ‘सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन: बागमतीमा युवा सशक्तीकरण’ रहेको थियो । यो नार हेर्दा साच्चै युवामा रहेको नैराश्यता अब कम हुँदै जानेछ र युवा स्वदेशमै रमाउनेछन् । युवामा लगानी गर्नसके देशमा समृद्धि आउने कुरा सहभागीहरुले बताएका थिए । प्रदेश सरकार पनि युवामा लगानी गर्ने केन्द्रीय सरकारको मुख ताकिरहेको छ । युवा र बालबालिकामा लगानी गर्न डराउने सत्ता संचालकले समाज परिवर्तन गर्न मुस्किल मात्र होइन, असम्भव नै हुन्छ । हाम्रो सरकारले युवामा लगानी गरिरहेको छ भनेर गर्वका साथ भन्ने दिन कहिले आउला ? नेपालको शिक्षा प्रणाली प्रयोगात्मक भएन । किताव कण्ठ पारेर गर्ने अध्ययन शैलीले जीवनउपयोगी सीप दिन सक्दैन । शिक्षा प्रणाली अव्यवहारिक भएको छ । सैद्धान्तिक शिक्षा भन्दा व्यवहारिक शिक्षामा जोड दिनसके उद्यमशीलताको विकास हुने थियो । युवा सम्मेलनमा सामुदायिक क्याम्पसका उत्कृष्ट विद्यार्थी, आदिवासी जनजाति, दलित, सीमान्तकृत समुदाय, महिलालाई प्राथमिकता दिएर सहभागी गराइएको थियो । सम्मेलनमा शिक्षा, सीप, नवप्रवर्तन, रोजगारी र नीतिगत सुधारका क्षेत्रमा गरेर ५ वटा विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

सम्मेलनमा युवाको ज्ञानसीप, सृजना र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विविध कार्यक्रम आयोजना गरिएको थियो । युवा सम्मेलनमा शिक्षामा कहाँ छ समस्या ?, नीति, राजनीति र समृद्धि, डिजिटल साक्षरता: प्रविधि, अवसर र सम्भावना, नवप्रवर्तन र उद्यमशीलता: नीति र निरन्तरता, विदेशमा आर्जित ज्ञान र सीप: देशमा लगानीको सम्भावना र मुख्यमन्त्रीसँग कुरा लगायत विषय वस्तुमाथि छलफल भएको थियो । युवा सम्मेलन पश्चात् २०८१ लाई ‘युवा सीप वर्ष’ घोषणा गरियो । प्रदेशका ५ हजार युवालाई सीपमूलक तालिम प्रदान गरी उद्यमशीलतातर्फ अग्रसर गराउने तयारी रहेको बताइएको छ । १० हजार बढी युवाबाट तालिमका लागि प्रस्ताव आएको परिषद्ले जनाएको छ । अधिकांशले ट्रेनिङकै तालिम माग गरेका छन् । सिलाईबुनाइ, ब्युटीपार्लरलगायत माग बढी आएको जानकारी दिइएको छ । सूचनाप्रविधिको क्षेत्रका केही विषयमा तालिम सञ्चालन गर्ने तयारीमा परिषद् छ । युवा सम्मेलनका लागि १५ लाख बजेट विनियोजन गरिएको परिषद्ले जनाएको छ । कुल १२ करोड रुपैयाँ बजेटमध्ये ५ करोड रुपैयाँ तालिम र सीपपरीक्षणमा खर्च गर्ने योजनामा परिषद् रहेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १ गते मंगलबार १६ जुलाई २०२४ । दशमी, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:२०, सूर्यास्त ६:५९ । लूतो फाल्ने । गुरिया पर्व (थारूहरूको) । दक्षिणायन शुरु । श्रावण संक्रान्ति

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रु वृद्धि | तुला | : साझेदारीकार्यमा सफलता |
| वृष | : भाग्यबाट सन्तोष | वृश्चिक | : वैदेशिक कार्यमा अवरोध |
| मिथुन | : ऋणभार बढनाले खिन्नता | धनु | : सम्पत्तिबाट लाभ |
| कर्कट | : अनावश्यक झंझट | मकर | : मांगलिक कार्यमा मन |
| सिंह | : गृहकलहमा वृद्धि | कुम्भ | : मानसम्मानमा वृद्धि |
| कन्या | : आफन्तमा मनोमालिन्य | मीन | : आर्थिक हानि |

# सत्ताकै लागि मात्र मरिमेट्ने प्रवृत्ति



✍बालकृष्ण मैनाली

गएको हप्ता पुन: सत्ता उथलपुथलका परिघटनाको पटाक्षेप हुन पुग्यो । जनजनको लागि यो नौलो विषयचाहिँ थिएन । प्रदेओहरुका एक-एक चर्तिकलाहरुबारे जानकार छन् जनजनहरु । आजको भन्दा केही समयपूर्व कांग्रेस र माओवादीको गठबन्धन हुँदा टोलटोलमा गठबन्धनका कांग्रेस र माओवादीहरुका कार्यकर्ताहरु गफ छाँटिरहेको देख्दा एमालेका कार्यकर्ताहरु साथी नै भए पनि सकेसम्म बोल्दा पनि नबोली अथवा बोलाए पनि सुन्या नसुन्यै गरेर हिँड्थे । त्यसको केही समयपछि टोलटोलमा यसको ठीक उल्टो हुन पुगेको थियो अर्थात् एमाले र माओवादीका कार्यकर्ताहरु एक-आपसमा गफ छाँटिरहँदा कांग्रेसी कार्यकर्ताहरुलाई बोलाउँदा पनि नसुनेको जस्तो गरी हिँड्ने अवस्था सिर्जना हुन पुगेको थियो ।

अबको अवस्थाले सम्भवत: कांग्रेस र एमालेका कार्यकर्ताहरु गफमा व्यस्त भइरहँदा माओवादी नबोली हिँड्ने अवस्था सृजना भएको छ । वास्तवमा यस्तो अवस्था देशमा सृजना भइरहनु नौलोचाहिँ होइन । प्रदेओहरुको राम्रो देन छ यो विषयमा । योभन्दा अगाडि ठाउँ कुठाउँ एमालेविरुद्ध बोल्दै आइरहने कांग्रेस र कांग्रेसविरुद्ध बोल्दै आइरहने एमालेको मुखमा भोटे ताल्चा पुन: लाग्न पुगेको छ । प्रदेओहरुको मुखमा साना-ठूला गरी थुप्रै भोटे ताल्चाहरु झुन्ड्याइएको हुन्छ, जुन अवस्थाअनुसार खोल्ने र बन्द गर्ने गरिन्छ । माओवादीविरुद्ध बोल्दै आइरहने एमाले र एमालेविरुद्ध बोल्दै आइरहने माओवादीको मुखमा लागेको भोटे ताल्चा खोलिएपछि माओवादीलाई कसैलाई माया गर्नु भूल हुन पुगेको छ भने र एमालेविरुद्ध बोल्न कांग्रेसको मुखमा खुल्दै आएको भोटे ताल्चा पुन: बन्द भएको छ । यो नियति हो हाम्रो देशको राजनीतिको ।

सामान्यतया देशमा आउने चाडबाडमा एकसरो नयाँ लुगा लाउन र सामान्य मीठो पीठो खान संघर्षरत कुल जनसंख्याको केही अपवादबाहेक पूरै जनजन प्रत्येक वर्ष जतिसुकै पौँठेजोरी खेल्दा पनि उल्लिखित एकसरो नयाँ लुगा लगाउन र सामान्य मीठो पीठो खान सदैव धौ-धौको अवस्थामा नै गुज्रिरहनुपरेको तथ्य सबै सामु छर्लंग भइरहेको छ । सत्तामा हुँदा सडकको विकास गर्‍यौं भन्ने राजनीतिक व्यवसायीहरुलाई प्रत्येक वर्ष वर्षाको मौसममा वर्षाले गिज्याइरहेको कहिल्यै पत्तो पाएनन् । यस वर्षको वर्षाले पनि सडक विकासमा लागिपरेका नेताहरुलाई गिज्याई नै रह्यो । वर्षाको बेलामा अहिले पनि सडक खन्ने विकास जारी छ । त्योसँगसँगै कतिपय स्थानहरुमा असारे विकासले पनि प्राथमिकता पाएको छ ।

देशलाई विगतदेखि लागिरहेको श्रापबाट देश कहिले मुक्त हुने हो, कुनै टुंगो छैन । खबरबजारमा सदैव छाइरहने भ्रष्टाचारका समाचारहरुले कहिल्यै विश्राम लिन सकेको छैन । भर्खरै भइरहेको सत्ता उलटपलटलाई केही भ्रष्टहरुलाई कार्यवाहीको घेरामा ल्याइएको र केहीलाई कार्यवाहीको घेरामा ल्याइन खोजेको कारण भएको हो भन्ने कुराको समाचारले खबर बजारमा प्रश्रय पाएको छ । सरसर्ती मूल्यांकन गर्दा यो खबरलाई असत्य खबर भन्ने ठाउँ छैन । मुख्यत: प्रदेओहरुका कारण नै जनतामा कुनै खुशी र रौनकता देखिन छाडेको धेरै वर्ष भइसकेको छ । राजनीतिक व्यवसायीहरु पद भाग लगाउनमा नै व्यस्त छन् ।

विशेष गरेर पुराना दलका नेतृत्वहरुले प्रत्येक जनको मनमा संघीयता देशको लागि समस्या नै हो भन्ने निचोडमा पुर्‍याउन थप बल पुर्‍याएको पुर्‍यायै छ । अब त नयाँ दलका नेतृत्व पनि बिस्तारै यो मामिलामा समावेश हुन थालेको आभास हुन थालेको छ । करोडौंकरोड मात्र होइन, अर्बौंअर्बको हिनामिना राजनीतिक व्यवसायीहरुका लागि सामान्य हुन पुगेको छ ।

राजनीतिक व्यवसायीहरुका आफ्नै सन्तानदेखि लिएर राजनीतिक सन्तानसम्मका भ्रष्टाचारमा संलग्नताका समाचारहरु सार्वजनिक हुन पाएको हुँदैन कसरी उनीहरुलाई जोगाउने भन्ने लडाइँमा नै उनीहरुको समय व्यतीत भइरहेकोले जनजनलाई उनीहरुबाट सत्कर्म होला र देशलाई अघोगतिबाट पार लगाउलान् भन्ने कुरामा किञ्चित पनि विश्वास रहेको छैन ।

राजनीतिक व्यवसायी, प्रशासक, कर्मचारी, ठेकेदारदेखि लिएर शिक्षक, प्राध्यापक, डाक्टर, इन्जिनियर, वकिल, न्यायाधीश कोही पनि यस मामिलामा अछूतो देखिन पुगेनन् । भर्खरै देशका राष्ट्रपतिका छोराले विदेशमा मच्चाएको वितण्डासम्बन्धी समाचार एक साप्ताहिकमा सार्वजनिक भएको छ । देशका राष्ट्रपतिका पारिवारिक सदस्यले विदेशमा वितण्डा मच्चाउँदा देशको प्रतिष्ठामा आँच पुग्न जान्छ भन्ने सामान्य सोच पनि नपलाउनु योभन्दा दुर्भाग्य अरु के होला ?

वैदेशिक ऋणले देश पूरै ढाकिएको छ । जन्मिन पाएको हुँदैन झन्डै पचहत्तर हजारको ऋणको भारी त्यो नवजात शिशुले व्यहोर्नुपर्ने अवस्थाको सिर्जना गराइएको छ । देशका जमिनहरुमा कि त भवन ठडिएका छन्, कि त बाँझै छन् । कुनै बेला खाद्यान्न वस्तु निर्यात गर्ने देश अहिले छिमेकी देश भारतलगायत अन्य देशहरुलाई सकेसम्म चाँडो चामल वा खाद्यान्न देऊ भनेर अनुनय विनय गरिरहनुपरेको छ । हो, एउटा कुरा सत्य के हो भने, भ्रष्टाचाररुपी रोगले विश्वका प्रत्येक राष्ट्रलाई धेरथोर गाँजेको कुरामा विमति छैन, मात्र प्रतिशतको तल-माथि मात्र हो । कुन-कुन देशको भ्रष्टाचारको प्रतिशत कति-कति छ भन्ने कुरा वार्षिकरुपमा निस्कने र निकालिने गरेका भ्रष्टाचारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवेदनहरुले बोलिरहेका छन् । हाम्रो देशको बारेमा पछिल्लोपटक निस्किएको प्रतिवेदनले नेपाललाई भ्रष्टाचाररुपी रोगले डरलाग्दो किसिमले गाँजिरहेको कुरालाई नै इंगित गरेको छ । त्यसरी विदेश वा विदेशी संस्थाहरुका प्रतिवेदनले जिस्क्याइरहँदा हाम्रा शासकहरु डिच्च दाँत देखाएर छलकपटमै लागिरहेर आ-आफ्ना दलका सदस्यहरुलाई जोगाउने प्रयासमा यो वा त्यो बाटो समाई लागिरहनु भनेको देशमा परेको अभिशापको निरन्तरताबाहेक केही होइन भन्न जनजनहरु बाध्य भएका छन् ।

मानवका न्यूनतम अधिकारहरु पनि संरक्षित हुन नसकेका थुप्रै घटना हाम्रै सामु लामबद्ध भएर बसिरहेका छन् । मानवअधिकार सँग सार्वजनिक भएका समाचारहरुलाई हेर्दा र पढ्दा के गणतान्त्रिक शासनमा हुने र घटित भइरहने मानवअधिकारविरुद्धका विभिन्न घटना सामान्य हुन् भनेर जनजनले मान्नुपर्ने हो ? भन्ने अहम् प्रश्न सदैव खडा भएर जिस्क्याइरहेको छ । यदि जनजनले गणतान्त्रिक शासनमा यस्ता घटना घट्ने सामान्य हुन् भन्ने शासकहरुले मान्यता राख्छन् भने जनजनलाई यो गणतन्त्र आवश्यक छैन भन्ने प्राय: जनजनको बुझाइ र भनाइ रहन पुगेको छ । यस मानेमा हाम्रो देशको चाहे दुई तिहाइको पगरी गुथेको सरकार होस्, चाहे सर्वसम्मतबाट चयन गरिएको भनेर भनिएको गठजोडको सरकार होस् या थरीथरीका गठबन्धनका सरकार हुन्, सबै सरकारका सदस्यहरु जनसवालको उपेक्षा गर्ने बाटोमा झन्-झन् अग्रसर हुँदै गइरहको त होइन भन्ने प्रश्नहरु पनि निरन्तर खडा भइरहेका छन् ।

पटक-पटक गठबन्धन भत्किरहनु यसै कुराको निरन्तरता हो । भर्खरै भत्केको वा भत्काइएको गठबन्धनपश्चात् अब संविधानको धारा ७६ (२) वा धारा ७६ (३)का बारेमा बहस चर्किरहेको छ । खारिएका विद्वान्हरु कोही ७६ (२) को वकालत गरिरहेका छन् भने कोही ७६ (३) को वकालत गरिरहेका छन् । वास्तवमा धारा ७६ (२) वा धारा ७६ (३) मध्ये जुनसुकै धाराबाट सरकार गठन भए पनि जनताप्रति उत्तरदायी सरकारको जनजनले अपेक्षा गरेका छन् । राष्ट्रपतिको भूमिका कस्तो रहन्छ ? त्यो भविष्यले बताउला तर एउटा कुरा निश्चित प्राय के हो भने, जुन दलबाट प्रतिनिधित्व गरेर राष्ट्रपतिको पद प्राप्त गरिएको हुन्छ स्वभावैले उक्त दलप्रति आफ्नो भूमिका प्रदर्शित हुन जानेमा द्विविधा देखिँदैन ।

देशमा मानवता कता हराउँदै छ भन्ने प्रश्न एकातिर छँदै छ भने किन यस्तो भइरहेको छ भन्नेबारेमा सरकार न गम्भीररुपमा यसलाई लिन्छ, न त पीडितलाई सार्थक उपचार दिन्छ । पीडितलाई न्याय त कता-कता, उल्टो जनताको मतबाट चुनिएका जनप्रतिनिधिहरु पीडितलाई बेवास्ता गर्न लागिपर्छन् । गाउँ-ठाउँमा मेलमिलापको नाउँमा स्थानीय न्यायिक समितिमार्फत मेलमिलापको दुरुपयोग गर्दै जबर्जस्ती मिलापत्र गर्न र गराउन पीडित र पीडितका परिवारहरुलाई साम, दाम, दण्ड, भेद सबै उपायहरु अवलम्बन गर्ने गरेका समाचारहरु सार्वजनिक भइरहेका छन् । दलीय चाटुककारहरुको क्रियाकलापहरुलाई नियाल्दा वर्तमानका युवापुस्ताहरुलाई पनि अँध्यारोतिर धकेलिरहेको प्रतीत हुँदै छ ।

देशलाई सम्मुनतको सिखरमा पुर्‍याउन इमानदारीपूर्वक नेतृत्वहरु लागिपरेका हुन्थे भने यो अवधिमा देश कायापलट भएर भविष्यको सन्तानको लागि मजबुत भएर उभिरहेको हुन्थ्यो । पछिल्लोपटक नेतृत्वमा आएका नेतृत्वहरुले पनि युवाहरुका जोश-जाँगरलाई भरमग्दुर उपयोग गरे । विविध अश्वासन बाँडे र जिन्दावाद र मूर्दावादको नारा लगाउन लगाए । थुप्रैले यो वा त्यो नाउँमा आफ्नो जीवनको आहुति नै दिए । बेपत्ता पारिएका कतिपयको इतिहास नै हराइसक्यो । अझै यससम्बन्धमा सार्थक सम्बोधनको सट्टा छलफल मात्र जारी रहेको समाचार खबरबजारमा सार्वजनिक भइरहेका छन् ।

यसरी नेतृत्वलाई सहयोग गरेका युवाहरुलाई वर्तमानमा आएर कि त विदेशिन बाध्य बनाइएको छ, कि त राजनीतिक व्यवसायीहरुले फालेको हड्डीमा मग्न हुन बाध्य बनाइएको छ । युवाहरुलाई देशको विषयमा सार्थक सम्बोधन गर्ने अवसरबाट सधैं वञ्चित गराइयो । यो प्रक्रिया वर्तमानमा पनि जारी छ । सकेसम्म आफूले गरेको हालिमुहाली अकण्टक र हिरहे हुन्थ्यो भन्ने मृगतृष्णामा राजनीतिक व्यवसायीहरु अहिले पनि रमाइरहेका छन् । चिप्लो र आशारुपी अश्वासनको पोको मात्र वितरण गरी युवाहरुलाई आफ्नो मोहजालमा फसाउन राजनीतिक व्यवसायीहरु प्रत्येकपल्ट सफल भइरहेका छन् ।

प्राय: सबै दलमा संलग्न युवाहरुको नियति, विवशता र बाध्यता यही नै देखिँदै आएको छ । अब पनि देश-विदेशमा रहेका युवाहरु प्रत्यक्ष वा अप्रत्यक्षरुपमा यिनै नेतृत्वको पछि लागिरहने हो र गम्भीररुपमा देशको बारेमा नसोच्ने हो भने देश योभन्दा पनि कहाली लाग्दो अवस्थामा पुग्ने निश्चित छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# के ओलीका यी पाँच प्रवृत्ति फेरि नदोहोरिएलान् ?

✍ डम्बर खतिवडा

एमाले अध्यक्ष केपी शर्मा ओली फेरि सत्तामा फर्किंदैछन् । शक्ति सम्भ्रान्तहरूको वृत्तभित्र ‘सरकार आलोपालो’ को एकफन्को गोलचक्कर पूरा भएको छ । ठीक ३ वर्षअघि, २०७८ असार २८ गते सर्वोच्च अदालतको ‘परमादेश’ पछि ओली नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई सत्ता हन्तान्तरण गर्न बाध्य भएका थिए । त्यसअघि उनले सत्तामा टिकिराख्न गर्न सक्ने सबै गर्न हुने-नहुने उपाय गरेका थिए । देश नै एक ठूलो संवैधानिक तथा राजनीतिक संकटको भुमरीमा फसे जस्तो भान भएको थियो । देउवाको प्रधानमन्त्रित्वलाई ओलीले ‘जनादेशका विरुद्ध परमादेशको सरकार’ भन्दै हियाउने, ओल्चिने र अपमान गर्ने गरेका थिए ।

यही घटनाक्रमको सेरोफेरोमा पाँचदलीय गठबन्धन बनेको थियो । कांग्रेस नेतृत्वको ‘गठबन्धन’ र एमाले नेतृत्वको ‘तालमेल’ बीच प्रतिस्पर्धात्मक आम निर्वाचन भई ताजा जनादेश अभिव्यक्त भएको थियो । तरह लोकतन्त्र, संविधान, संविधानवाद, आवधिक निर्वाचन, जनादेश- यिनको मूल्य दल र नेताहरूको सत्ता स्वार्थ अगाडि कति नै हुन सक्छ ? तिनै देउवाको सहमति र समर्थनमा असार २८ गते ओलीले प्रधानमन्त्री पद फेरि एकपटक दाबी र प्राप्त गरेका छन् । यो फन्कोको बीचमा तेस्रो दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ पालो आएकै हो । प्रचण्डले दुई ठूला दलको बीच सकेसम्म खेलेर आफ्नो ‘भाग’ लिएकै हुन् ।

तर, अन्तत: संसदीय प्रणालीका मूल प्रतिस्पर्धी ठानिएका दलहरू नेपाली कांग्रेस र एमाले नै ‘तेस्रो दलको चुरीफुरी’ समाप्त गर्ने र ‘प्रचण्डको सेखी झार्न’ संसद्को बाँकी कार्यकाल सरकारको नेतृत्व आलोपालो गर्न राजी भइदिए । शर्त अनुसार १५ महिनापछि एमाले अध्यक्ष ओलीले फेरि कांग्रेस सभापति देउवालाई प्रधानमन्त्री पद हस्तान्तरण गर्नुपर्नेछ । सत्ता साझेदारी भनिने यो भागबन्डामा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले धेरै चित्तदुखाइ गर्नुपर्ने कुनै कारण देखिन्न । जति नै ‘धोका र षड्यन्त्र भयो’ भने पनि संसद्को ६० महिने कार्यकालभित्रको १५ महिना अर्थात् आफ्नो हैसियत अनुसारको ‘भाग’ उनले पाइसकेका छन् ।

अक्सर यसलाई पटक-पटकको सरकार र गठबन्धन परिवर्तन, ‘अस्थिरता’ भन्ने गरिन्छ । तर, यो प्रक्रियाभित्र गज्जबको ‘राजनीतिक स्थिरता’ छ । त्यो के भने- प्रधानमन्त्री पद दशक यता तीन जना, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ बीच फन्फनी घुमिरहेको छ ।

गहिरिएर हेर्ने हो भने मूलत: यो व्यक्तिको परिवर्तन मात्र हो । सरकारको नेतृत्व जसले गरे पनि तीनवटै दल कुनै न कुनै रूपमा राज्य प्रक्रियाभित्र सहभागी छन् । प्रचण्ड नेतृत्वको निवर्तमान सरकारमा एमाले र कांग्रेस आलोपालो दुवै सामेल थिए । यसले राज्यको चरित्र र सरकारको प्रवृत्तिमा कुनै भिन्नता आएको देखिन्न । देउवा, ओली र दाहाल पात्र फरक होलान्, दल फरक होलान्, तर यिनको प्रेम-घृणाको ‘म्युजिकल चेयर’ मा घुम्ने राज्यको चरित्र नागरिकका लागि किन र कसरी फरक हुन्छ ? कसैले उत्तर दिन सक्दैन । तसर्थ यसरी पनि तर्क गर्न सकिन्छ- योभन्दा गज्जब, रमाइलो र चाखलाग्दो ‘स्थिरता’ अरू के हुन्छ ? गठबन्धन वा सरकारको नेतृत्व जति पटक परिवर्तन भए पनि घोषित/अघोषित मिलेमतो, भागबन्डा र आलोपालोमा उनीहरू नै देशको नेतृत्व गरिरहेका छन् । उनीहरूकै स्वार्थ, चाहना, नाटक, नौटंकी, खेल, तमासाको वरिपरि राज्य र राज्यको स्रोतसाधन छ, अनि केको अस्थिरता ?

अरू खै को आएको छ र ‘नयाँ’ र ‘परिवर्तन’ भन्ने ? रिले दौडमा एउटै टिमभित्र खेलाडीले एकअर्कालाई ‘टस’ दिने प्रक्रियालाई नयाँ, परिवर्तन वा अस्थिरता भन्न मिल्ला र ? कांग्रेस सभापति देउवा २०५० दशकबाटै प्रधानमन्त्री हुन थालेका हुन् । पाँचपटक भइसके । छैटौं पटकको प्रतीक्षामा छन् । ओलीसँगको सहमति र सम्झौतामा कुनै धोकाबाजी नभए देउवाको छैटौं कार्यकाल निश्चित जस्तै भएको छ । तर, ज्योतिषवाणी सही सावित गर्न उनले अझै एकपटक प्रधानमन्त्री हुनुपर्नेछ । देउवाको नेतृत्व र प्रधानमन्त्रित्व देशका लागि तीन दशक पुरानो हो, पात्र र प्रवृत्ति दुवै दृष्टिकोणले ।

दाहाल २०६० को दशकबाट प्रधानमन्त्री हुन सुरु गरे । उनले पनि ‘शानदार तेस्रो कार्यकाल’ पूरा गरेका छन् । अझै उनी सम्भावनाको वृत्तबाट बाहिर छैनन् । ओली-देउवा सहकार्यमा कुनै कारणले दरार आउने बित्तिकै उनको सम्भावनाको ढोका खुल्लै छ । ओली सबैभन्दा पछि २०७० को दशकबाट प्रधानमन्त्री हुन शुरू गरेका हुन् । उनको यो कार्यकाललाई कानुनत: ‘चौथो’ भन्नुपर्ने हुन्छ । किनकि २०७८ वैशाख ३० गतेको उनको नियुक्ति त्यस अघिको भन्दा फरक प्रकृतिको थियो ।

रमाइलो के थियो भने अघिल्लो संसद्को एउटै कार्यकालभित्र ओली संविधानको धारा- ७६-१, ७६-२ र ७६-३ को प्रधानमन्त्री भएका थिए । २०७४ को आम निर्वाचनपछि बाम गठबन्धनको सरकार थियो । नेकपा (नेकपा) एकता अवधिमा ७६-१ हैसियतको सरकार भयो । अनेक षड्यन्त्र, दाउपेच र छलछाम बीच उनी २०७८ वैशाख ३० देखि असार २८ सम्म धारा- ७६-३ को प्रधानमन्त्री भएका थिए । दाबी त उनले ७६-५ को पनि गरेका थिए । तर, दाबी नपुगेको भन्दै तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी ओली सरकारकै सिफारिसमा दोस्रोपटक संसद् विघटन गर्न राजी भएकी थिइन् ।

यो कोणबाट हेर्ने हो भने ‘स्थिरता’ र ‘अस्थिरता’ को बहस निरर्थक लाग्दछ । यो बहसभन्दा बाहिर निस्केर देशको राजनीति ‘अल्पतन्त्रको दुश्चक्र’ भित्र छ भन्नु बढी सही हुन्छ । ‘देउवा-ओली-दाहाल त्रिकोण’ भन्न मिल्ने यो दुश्चक्र ‘बर्मुडा त्रिकोण’ भन्दा कम रहस्यमयी र जोखिमपूर्ण छैन । कसैलाई तीतो लागोस् वा मीठो देशको भविष्य भने यही त्रिकोणभित्र फसेको छ । देउवाको सहयोगमा दाहालबाट ओलीले सत्ता खोस्ने प्रक्रियाले राज्यको चरित्र, राजनीतिको प्रवृत्ति र सर्वसाधारणको जीवनमा कुनै तात्विक भिन्नता आउने अपेक्षा कसैले गरेको छैन । किनकि देउवा र दाहाल जस्तै ओली पनि कुनै नयाँ पात्र र प्रवृत्ति हैनन् । जनताले ‘भोगेकै इष्ट: चिनेकै बिष्ट’ हुन् । उनको सोच, कार्यशैली र क्षमतास्तरको जनता भुक्तभोगी हुन् ।

ओलीको दोस्रो कार्यकाल सबैभन्दा लामो थियो । त्यसलाई ‘झण्डै दुईतिहाइको बाम गठबन्धन’ तथा नेकपा (नेकपा) कार्यकाल भन्ने गरिन्छ । ओलीले चौथोपटक सत्ता सम्हाल्दै गर्दा करिब साढे तीन वर्षको यो अवधि सबैका आँखामा झल्झल्ती सम्झना हुन्छ । उनले तिनै प्रवृत्ति दोहोर्‍याउलान् वा नदोहोर्‍याउलान् भन्ने चिन्ता, चासो र उत्सुकता पनि स्वाभाविक रूपमा उठ्दछ । ओली शासनको कुरा गर्दा सजिलै स्मरण हुने पहिलो प्रवृत्ति-आशावादी विकास भाष्य र सपना देखाउने क्षमताका नाममा अविश्वसनीय, तथ्यहीन र आधारहीन उडन्ते योजना अघि सार्नु र गफ दिनु थियो । उनले घरघरमा ग्यास पाइप पुर्‍याउनेदेखि, हिन्द र प्रशान्त महासागरमा पानीजहाज चलाउने, पाँच वर्षभित्रै केरुङ-काठमाडौं चिनियाँ चुच्चे रेल पोखरा र लुम्बिनी पुग्ने, मुस्ताङ जाने रुटको भव्य रेल्वे स्टेशन पर्वतको कुस्मामा बन्ने, काठमाडौंमा मोनो र मेट्रो रेल सेवा सञ्चालन हुने, ५ वर्षभित्र प्रतिव्यक्ति आय ५ हजार डलर पुग्ने, प्रत्येक नागरिकलाई प्रति महिना १० हजार पकेट खर्च दिने जस्ता अनेक बोलेका थिए । हनुमाननगर-कलकत्ता पानीजहाजको त उनले दिन तोकेरै टिकट काटेका थिए । यसपटक उनले यस्तै योजनाको विकास भाष्य बेच्लान् कि वस्तुनिष्ठ हुने हुन् ?

ओली प्रवृत्तिको दोस्रो दुर्गुण आन्तरिक द्वन्द्व व्यवस्थापन र समन्वयको अभाव थियो । यदि ओलीले यो काम राम्रोसँग गर्न सक्थे त नेकपा (नेकपा) शासनकाल आधुनिक नेपालको ‘स्वर्णकाल’ हुन सक्थ्यो । एमाले नेताहरूले दाबी गरे जस्तो ५० वर्ष त नभनौं तर केही चुनाव सजिलै नेकपाको बहुमत आउन सक्थ्यो । राजनीतिक दृष्टिकोणले त्यो धेरै ठूलो अवसर ओलीले गुमाएका हुन् । ओलीले मात्रै हैन, समग्र कम्युनिस्टहरूले नै गुमाएका हुन् ।

त्यतिखेर पनि उनले दाहालसँग आधाआधा कार्यकालको सम्झौता गरेर पालना गर्न अस्वीकार गरेका थिए । त्यो सम्झौता कार्यान्वयन र नेकपा (नेकपा) को एकीकृत महाधिवेशन हुनसकेको थियो भने नेपालमा कम्युनिस्ट आन्दोलनले नयाँ उचाइ लिने निश्चित थियो । दाहालसँगका अन्तरविरोध मात्र हैन, ओलीले माधवकुमार नेपाल र झलनाथ खनालसँगका अन्तरविरोध समेत व्यवस्थापन गर्न सकेनन् । अन्तत: माओवादी त छुट्टियो नै एमाले पनि पनि विभाजित भयो ।

आज ओलीले ‘देउवाको इमानमा कुनै शंका नभएको’ अभिव्यक्ति दिएका छन् । तर, उनी स्वयं ‘आफ्नो इमानमा आफैं’ कति विश्वस्त छन् ? यो प्रश्न बाँकी नै छ । के उनले १५ महिनापछि सजिलै सत्ता हस्तान्तरण गर्छन्, सत्ता साझेदारीभित्र सहज व्यवस्थापन गर्न सक्लान् ? यो प्रश्न जीवितै छ । सत्ता साझेदारीभित्रको मात्र हैन, राज्यका तह र राज्य संयन्त्रभित्रको आन्तरिक समन्वय र द्वन्द्व व्यवस्थापन क्षमता पनि शासन प्रशासनको प्रभावकारिताका लागि उत्तिकै महत्वपूर्ण हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# केपी ओलीको मास्टर स्ट्रोक



काठमाडौं/नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली तीन पटक प्रधानमन्त्री भइसकेका थिए । तर यसपटक जसरी प्रधानमन्त्री भए, यसलाई उनको ठूलै राजनीतिक कुशलता मानिएको छ । किनकि तीन वर्षअघि आफ्नो (प्रतिनिधिसभा विघटन गर्ने) कदम गैरसंवैधानिक ठहरिएपछि उनी पदमुक्त भएका थिए । एमालेकै २३ सांसदको हस्ताक्षर सहित प्रधानमन्त्रीमा दाबी गरेका कांग्रेस सभापति शेरबहादुर देउवाले ओलीलाई विस्थापित गरेका थिए ।

अहिले तिनै देउवाको समर्थनमा ओली आइतबार प्रधानमन्त्री बन्न पुगेका छन् । पछिल्लो समय ओलीले यस्तो राजनीति गरे कि देउवा आफैं प्रधानमन्त्री प्रस्ताव गर्न बालकोट पुग्न बाध्य भए । २०७९ मंसिरको आम चुनावबाट बनेको त्रिशंकु संसद्को लाभ उठाउँदै तेस्रो दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पालैपालो कांग्रेस र एमालेलाई उपयोग गरिरहेका थिए ।

२७५ सदस्यीय प्रतिनिधि सभामा कांग्रेससँग ८८ र एमालेसँग ७९ सांसद छन्, तर ३२ सिटको माओवादीले झण्डै तीन गुणा ठूला दलहरुलाई निरीह झैं आफ्नो वरिपरि घुमाइरह्यो । कांग्रेससँग गठबन्धन गरेर स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव लडेका प्रचण्ड प्रधानमन्त्री बन्न १० पुस २०७९ मा एमालेसँग सहकार्य गर्न पुगे । प्रधानमन्त्री बनेपछि राष्ट्रपतिको चुनाव (फागुन २०७९) मा उनी कांग्रेस गठबन्धनमै फर्किए ।

कांग्रेसको समर्थनमा एक वर्ष सरकार चलाएका प्रचण्डले फागुन २०८० मा फेरि एमालेसँग गठबन्धन गर्ने निर्णय लिए । प्रचण्डलाई समर्थन गर्ने प्रतिस्पर्धा गरेका देउवा र ओली १७ असारमा आफैं मिल्ने निर्णयमा पुगे ।

**१० पुसमा टुटेको विश्वास**

आम चुनाव सकिएपछि पुस २०७९ मा पनि देउवा र ओलीले दुई ठूला दल मिलेर सरकार बनाउने प्रयास गरेका थिए । कांग्रेस नेतृत्वको चुनावी गठबन्धन बहुमत नजिक थियो । देउवा र प्रचण्ड आलोपालो प्रधानमन्त्री हुन पनि सहमत थिए । तर को पहिला प्रधानमन्त्री हुने भन्ने विवाद भएपछि देउवाले ओलीसँग सम्वाद गरे । ओली त्यसका लागि तयार नै थिए । किनकि कांग्रेस गठबन्धनले सहज सरकार बनाएको भए एमालेले सरकार मात्र होइन, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख लगायत सबै पद गुमाउने अवस्था थियो । तर कांग्रेस सभापति देउवालाई प्रधानमन्त्रीमा समर्थन गर्दा राष्ट्रपति, सभामुख जस्ता महत्वपूर्ण पद लिन सकिन्थ्यो । अनि भोलि परिस्थिति अनुकूल नभए आफूले समर्थन फिर्ता लिनासाथ सरकार पनि ढल्थ्यो ।

कांग्रेस सभापति देउवा पनि एमालेको समर्थनमा प्रधानमन्त्री हुन तयार थिए, तर राष्ट्रपति पनि छाड्न चाहन्नथे । त्यसैले पहिला आफू प्रधानमन्त्री भइहाल्न खोजे । सरकार गठनका लागि दाबी पेश गर्ने अन्तिम समय १० पुसको साँझ ५ बजेसम्म एमाले समर्थन गर्न आए संविधानको धारा ७६(२) अनुसार, नगरे ७६(३) अनुसार ठूलो दलको नेताका हैसियतमा प्रधानमन्त्री हुने देउवाको दाउ थियो । जसरी पनि आफू प्रधानमन्त्री हुने देखेका उनले ओलीसँग पावर शेयरिङ टुंगो लगाउन हतार गरेनन् ।

तर ओलीसँग प्लान बी थियो । देउवा पावर शेयरिङ गर्न तयार नभएपछि माओवादी अध्यक्ष प्रचण्डसँग सम्वाद गरे । प्रधानमन्त्री भइछाड्ने हतारोमा रहेका प्रचण्डलाई ढुंगो खोज्दा देउता मिले झैं भयो, ओलीले सरकार गठनमा सघाउने भएपछि राष्ट्रपति र सभामुख दुवै पद एमालेलाई दिने सहमति गरे ।

यो सहमतिले देउवा स्तब्ध भए । ओलीले धोका दिएको ठाने, अनि प्रचण्डलाई फेरि आफूतिर फर्काउन लागे । प्रचण्डसँगै एमालेले पाउने भनिएको राष्ट्रपति खोसेर ल्याएका देउवाले गठबन्धन तलमाथि नहोस् भनेर एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई समेत प्रधानमन्त्रीको रोलक्रममा राख्न तयार भए । त्यो पनि आफूभन्दा अगाडि नै । अनि एमाले अध्यक्ष ओलीसँग सम्वाद नै गरेनन् । ओलीले भने सम्वाद गर्न चाहेको सन्देश दिइरहे । कतिसम्म भने मंसिर २०८० मा पार्टीको मध्यपहाडी अभियानका क्रममा डडेलधुरा पुग्दा तपाईंको जिल्ला आएको छु भन्दै फोन गरे ।

आफूले निरन्तर प्रयास गर्दा पनि देउवाले सम्वाद नै नगरेपछि ओली पनि प्रधानमन्त्री प्रचण्डलाई आफूतिर ल्याउन लागे । जब प्रचण्डलाई कांग्रेसबाट एमाले नेतृत्वको गठबन्धनमा ल्याए, ३० फागुन २०८० को प्रतिनिधिसभा बैठकमा एमाले अध्यक्ष ओलीले देउवाले आफूसँग सम्वाद नै नगरेको गुनासो पोखे । राष्ट्रिय राजनीतिका विषयमा कुरा गरौं भन्दा पनि नमानेको भन्दै उनले देउवालाई भनेका थिए, 'कुरै नचल्ने भन्ने हुँदैन, आउनुस् सम्वाद गरौं ।' त्यसयताको चार महिनामा एमाले अध्यक्ष ओलीले यस्तो राजनीतिक चालहरु चले, कांग्रेस सभापति देउवा सम्वाद गर्न मात्र होइन, प्रधानमन्त्री प्रस्ताव गर्न बाध्य भए ।

**बालकोट जान बाध्य भए देउवा**

प्रचण्डलाई आफ्नो गठबन्धनमा ल्याएपछि ओलीले देउवा हिंड्ने संभावित विकल्पहरु एकपछि अर्को गरी बन्द गरे । प्रचण्डले धोका दिएको भन्दै क्रुद्ध देउवाले एमाले र माओवादी बाहेक सबै दल मिलाएर सरकार बनाउने बाटो रोजे । देउवाले रोजेको बाटो संसद्को अंकगणितमा सम्भव भए पनि सहज थिएन । किनकि संसद्को चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने आफैं प्रचण्ड र ओलीलाई मिलाउन भूमिका खेल्नेहरु मध्ये एक थिए । नयाँ गठबन्धनमा उनले उपप्रधानमन्त्री तथा गृहमन्त्री पद पाउने पक्का भइसकेको थियो ।

त्यसैले देउवाले रविलाई प्रधानमन्त्री नै अफर गरेका थिए । तर त्यो कांग्रेसको संस्थागत प्रस्ताव थिएन । रविले पनि प्रचण्ड-ओलीसँगै रहने निर्णय गरे । रवि गृहमन्त्री भएपछि कांग्रेसले सूर्यदर्शन, सुप्रिम लगायत सहकारीको रकम अपचलनमा उनको संलग्नतालाई मुद्दा बनायो ।

ओलीले रास्वपा र स्वयं रविभन्दा अगाडि सरेर 'प्रधानमन्त्री अफर गर्दा स्वीकार्य हुने, त्यसलाई अस्वीकार गरेपछि चाहिं गृहमन्त्री अस्वीकार्य' भनेर प्रतिवाद गरे । त्यस बेलासम्म सहकारीको बचत अपचलनमा संसदीय छानबिन समिति बनाउन नहुने अडानमा ओली थिए, जबसम्म कांग्रेस र रास्वपाबीच तत्काल सत्ता सहकार्य असम्भव जस्तो लागेन ।

देउवाले राप्रपा, जनता समाजवादी पार्टी (जसपा) नेपाल, एकीकृत समाजवादी सहित साना दलको साथ लिएर वैकल्पिक गठबन्धनको प्रयास गरे । त्यसलाई असफल बनाउन ओलीले प्रचण्डसँग मिलेर सरकारमै भएको जसपा नेपाल फुटाउन भूमिका खेले । जसपा नेपालका ७ सांसदले २३ वैशाखमा अशोक राई नेतृत्वमा नयाँ दल गठनसँगै वैकल्पिक गठबन्धन पनि सकियो ।

यद्यपि माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्ड स्वयंले चाहेको अवस्थामा नयाँ गठबन्धन बन्थ्यो । नेताहरुका अनुसार माओवादीको ठूलो हिस्सा यही गठबन्धनलाई कायम राखेर एमालेसँग एकतासम्मै गर्न चाहन्थ्यो । तर प्रचण्ड तयार थिएनन् । २०८४ सम्म सरकारको नेतृत्व गर्ने मात्र होइन, २०८४ पछिको राजनीतिमा म कहाँ हुन्छु भनेर हेरिरहेका थिए ।

प्रचण्ड कांग्रेस नेताहरुसँग सम्वादमै थिए । बजेट निर्माणमा पनि कांग्रेसका प्रमुख नेताहरुको चासो सम्बोधनको प्रयास गरे । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहबाट फर्किएपछि प्रचण्डले कांग्रेस नेताहरुसँग सरकारमा सहयात्राबारे सम्वाद बढाए । प्रधानमन्त्री प्रचण्डले यही बहानामा गठबन्धन फेर्न खोजेको सुइँको पाएपछि ओलीले देउवासँग छलफल अगाडि बढाए ।

कांग्रेस नेताहरुका अनुसार यसमा देउवाकी पत्नी आरजुले भूमिका खेलिन् । जतिबेला नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले भुटानी शरणार्थी प्रकरणका एकपछि अर्को प्रभावशालीहरुलाई समात्यो, त्यसबेला आरजु देउवाको पनि नाम मुछियो । शरणार्थी प्रकरणसँग सम्बन्धित भन्दै केही अडियो टेप पनि आए । तर तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले अनावश्यक रुपमा आफूलाई मुछ्न खोजेको आरजुको दाबी थियो । उनी त्यसबेला नै एमाले अध्यक्ष ओलीसँग सम्वाद गरौं भन्ने पक्षमा थिइन्, तर देउवाले रोके ।

यसपटक भने देउवाले आरजुकै माध्यमबाट सम्वाद गरे । एमाले अध्यक्ष ओली र व्यवसायी रामेश्वर थापाको सम्बन्ध पुरानै हो । पछिल्लो समय आरजु र रामेश्वर व्यावसायिक साझेदार हुन् । नामी कलेजमा आरजु अध्यक्ष हुन् भने रामेश्वर उपाध्यक्ष छन् । त्यसैले यो पटक ओलीसँग सम्वादमा पार्टीका अरु नेताहरुको सहयोग खोजेनन् । कांग्रेसका एक नेता भन्छन्, 'ओलीले सबै ढोका बन्द गरेका थिए । एउटै बाँकी थियो, त्यसमा आरजुको सम्बन्ध भएपछि अरु चाहिएन ।' देउवा र ओलीले सुरुमा थापाकैनिवासमा भेटे । १५ असारमा आरजुसहित बालकोट पुगेका देउवाले ओलीलाई प्रधानमन्त्री प्रस्ताव गरे ।

सहमतिको लिखत भइसकेको थिएन । त्यसैले प्रचण्डले देउवालाई प्रधानमन्त्री प्रस्ताव गरेको अवस्थामा परिस्थिति फरक हुनसक्थ्यो । त्यसको आकलन भएका ओलीले प्रचण्डलाई भेटेर यही गठबन्धनलाई निरन्तरता दिन्छौं भनेर आश्वस्त पनि बनाइराखे । कतिसम्म भने १७ गते साँझ देउवासँग लिखित सहमति गर्ने तयारी थियो, बिहान प्रचण्डलाई 'स्वर्ग गए पनि सँगै जाने, नर्क गए पनि सँगै जाने' बाचा गरे ।

ओलीको भावुक आश्वासनहरुबाट झुक्किएको भन्दै प्रचण्डले २८ असारमा संसद्मै भने, 'नयाँ सत्ता समीकरण बनाइरहेका साथीहरुलाई यत्ति भन्नु छ, तपाईंहरुको आपसी अनुभव अप्रिय नहोस् कसैमाथि धोका नहोस्, मेरो शुभकामना छ ।'

**देउवाले उठाएको जोखिम**

१७ असारमा सहमति भएअनुसार एमाले अध्यक्ष ओली आइतबार प्रधानमन्त्री नियुक्त भएका छन् । उनले २ वर्ष गठबन्धन सरकारको नेतृत्व गर्नेछन् । त्यसपछि २०८४ को चुनावसम्म करिब १७ महिना देउवा प्रधानमन्त्री हुने सहमति छ । मुख्य चुनावी प्रतिस्पर्धी दलको अध्यक्षलाई प्रधानमन्त्री बनाउने भनेर पार्टी सभापति देउवाले सहमतिलाई कांग्रेसले कार्यसम्पादन समितिले अनुमोदन गरिसकेको छ ।

कांग्रेस नेताहरुका अनुसार सरकार सहज रुपमा चल्यो, सहमति अनुसार ओलीले पनि प्रधानमन्त्री पद हस्तान्तरण गरे भने देउवाले आफ्नो अनुकलतामा पार्टीको महाधिवेशन गर्ने छन् । कांग्रेसको विधानअनुसार उनी दोहोरिन त पाउने छैनन्, आफूले चाहेको व्यक्तिलाई उत्तराधिकारी बनाउन सहज हुनसक्छ । तर ओलीले देउवालाई सत्ता हस्तान्तरण गर्नेमा कांग्रेस नेताहरुको आशंका छ । उनीहरुका अनुसार ओलीसँग सहकार्य गर्न सहज छैन ।

सरकारमा सँगै बसेर काम गर्ने क्रममा असमझदारी बढ्दै गयो भने बहुमत आफूसँग राखेर प्रतिनिधिसभा विघटनसम्म गर्नसक्ने आशंका गर्छन् । किनकि अहिले प्रतिपक्षमा पुऱ्याएको माओवादीले त्यो बेला कांग्रेसभन्दा ओलीलाई नै साथ दिनसक्छ । माओवादी, एकीकृत समाजवादी लगायत दललाई वाम गठबन्धन वा एउटै दल बनाउने गरी आफूसँग राखेर मध्यावधितिर गए भने कांग्रेसलाई धान्न गाह्रो हुन्छ ।

पाँच-पाँच पटक प्रधानमन्त्री भइसकेका देउवाले अबको २ वर्षको राजनीति के हुनसक्छ भन्ने पनि विश्लेषण गरेका होलान् । एमाले अध्यक्ष ओलीलाई पनि उनले राम्ररी चिनेका छन् । तर ओलीले सबै बाटाहरु बन्द गरिदिएपछि देउवासामु अरु विकल्प नभएको भन्दै कांग्रेस एक नेता भन्छन्, 'या त सबैथोक गुम्छ, या सबैथोक आफ्नो हुन्छ भन्ने जानेर नै जोखिम लिनुभएको होला ।'

*(स्रोत: अनलाइनखबर)*

# नवसर्जकको भानुजयन्ती विशेष श्रृंखला

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ नवसर्जक साहित्य चौतारी नेपाल, केन्द्रीय समितिको आयोजनामा भर्चुअल माध्यमबाट शनिबार नवसर्जक मासिक श्रृंखला २५ अन्तर्गत २११ औँ भानुजयन्ती विशेष कविता प्रतियोगिता, रचनावाचन एवम् विमर्श कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रम संस्थाकी केन्द्रीय अध्यक्ष प्रसन्ना चौलागाईँको सभाध्यक्षता तथा समालोचक महेश पौड्यालको प्रमुख आतिथ्यमा भएको हो । कार्यक्रमका प्रमुख अतिथि पौड्यालले भानुभक्तबाट नयाँ पुस्ताले परोपकारी बन्ने, संघर्षशील तथा सिर्जनशील बन्ने तथा उनी जस्तै अग्रज स्रष्टाका कृतिको गहन अध्ययन गरी वास्तविक मूल्यांकन गर्नुपर्ने विचार राख्दै नवसर्जक साहित्य चौतारी नेपालको स्थापनासँगै बालबालिकाले साहित्यका विविध विधा सिक्ने तथा खारिने अवसर प्राप्त गरेकामा खुशी व्यक्त गर्दै चौतारीको अभियानप्रति आभार व्यक्त गरेका थिए ।

कार्यक्रममा संस्थाका वरिष्ठ उपाध्यक्ष विभूति अधिकारीले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन संस्थाका केन्द्रीय सदस्य रौनक साहले गरेका थिए । कार्यक्रममा नवसर्जक परिधि सापकोटा, विद्यादेवी आचार्य, अमिश्का मैनाली, रिया गुप्ता, कुशल अधिकारी, आश्रीया आचार्य, आयुश्री सापकोटा, आरोही खतिवडा, प्रेरक गौतम, रुबस पराजुली, सुरभी सापकोटा, मानश्वी चापागाईं, रुप्लेसा देवकोटा, अनसुया खनाल, कृशा मैनाली, कृतिका ढकाल गरी १६ जनाले प्रतियोगी रचनावाचन गरेका थिए ।

जीएस निकेतन माविका कक्षा-८ का छात्र प्रेरक गौतम, एसओएस हर्मन स्कुल, काभ्रेकी कक्षा-७ की छात्रा आयुश्री दाहाल र तुलसीमेहर मेमोरियल मावि, हेटौंडाकी कक्षा-६ की छात्रा अनसुया खनाल उत्कृष्ट तीन घोषित भएका थिए । उत्कृष्ट ३ नवसर्जकलाई बालमैत्री छात्रावास, हेटौंडा-४ ले पुरस्कार प्रायोजन गरेको र पुरस्कार असार ३० गते किताबघर, हेटौंडाबाट पुरस्कृत गरिएको संस्थाका संरक्षक एवम् परिकल्पनाकार दीपक गौतमले जानकारी दिए । प्रतियोगितामा संस्थाका वरिष्ठ उपाध्यक्ष विभूति अधिकारी एवम् उपाध्यक्ष कृतिका लौडारीले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

लेखन संस्कृति सँगसँगै पठन संस्कृतिको पनि प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजित कार्यक्रममा चौतारीकी वागमती प्रदेश सदस्य निमिशा निरौलाले आदिकवि भानुभक्तको प्रश्नोत्तरको कृतिसमीक्षा प्रस्तुत गरेकी थिइन् भने केन्द्रीय सदस्य रोश्नी चौलागाईंले भानुभक्तको विषयमा रचित कवितावाचन गरेकी थिइन् । संस्थाका परिकल्पनाकार संरक्षक गौतमले बालकवितासहित संस्थाको परिचय प्रस्तुत गरेका थिए भने सल्लाहकार रमेशमोहन अधिकारीले भानुभक्त तथा चौतारीले कार्यक्रममा विविधतासहित निरन्तरता दिएकोमा प्रसन्नता व्यक्त गरेका थिए ।

कार्यक्रममा तीनदर्जन बढी नवसर्जकको उपस्थिति रहेको थियो । चौतारीले हरेक महिनाको चौथो शनिबार नियमित मासिक श्रृंखला सञ्चालन गर्दै आएको छ भने हप्ताको दुई दिन शुक्रबार र शनिबार भर्चुअल माध्यमबाट विधा विशेष नवसर्जक कार्यशाला सञ्चालन गर्दै आएको छ ।

# विपद्ले पुऱ्याएको क्षतिप्रति प्रदेशप्रमुख शर्माद्वारा दुःख व्यक्त

साझाकुरा संवाददाता



हेटौंडा, ३० असार/ बागमतीका प्रदेशप्रमुख यादवचन्द्र शर्माले देशका विभिन्न भागमा बाढीपहिरोका कारण हुन पुगेको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गरेका छन् ।

प्रमुख शर्माले प्रेसविज्ञप्ती जारी गर्दै केही दिनदेखिको अविरल वर्षाका कारण देशका विभिन्न ठाउँमा आएको बाढी, पहिरो, डुबान तथा कटानले हुन पुगेको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका हुन् । प्रमुख शर्माले असार २८ को विहानमा चितवनमा दुईवटा यात्रुबाहक बससहित बगाएका यात्रुको खोजी, उद्दार तथा राहतका कार्यमा जुट्न सम्बन्धित पक्षलाई आग्रह गरेका छन् ।

'अविरल वर्षाका कारण बाढी र पहिरोले देशका विभिन्न भागमा माननीय तथा भौतिक क्षति हुन पुगेको छ ।,' शर्माले भने, 'प्राकृतिक विपत्तिको दुःखद् क्षणमा ज्यान गुमाउनेहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ।,' प्राकृतिक विपत्तिका कारण कैयौं बेपत्ता, घाइते एवम् घर परिवार विहीन हुनुका साथै अन्य विभिन्न प्रकारका क्षतिमा आवश्यक समन्वय, उद्दार, उपचार, राहतलगायत कार्यमा सरकार तथा सरोकारवाला सबैको उत्तिक्कै भमिका हुनुपर्ने प्रमुख शर्माको भनाई छ ।

प्राकृतिक विपद्को जोखिमबाट सुरक्षित रहनका लागि आवश्यक सम्पूर्ण पूर्वाधारको तयार पार्ने, विपद् जोखिमबाट सुरक्षित रहने खालका संरचना निर्माणमा ध्यान दिने, नागरिक चेतना अभिवृद्धि लगायत कार्यमा लागिपर्न सबैमा प्रमुख शर्माको सुझाव छ ।

# हेटौंडा-८ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा

साझाकुरा संवाददाता



हेटौंडा, ३० असार/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नम्वर ८ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । वडा उपमहानगरकै पहिलो बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको हो ।

शनिबार चन्द्रोदय माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित एक कार्यक्रमबीच उपमहानगरप्रमुख मीनाकुमारी लामाले ८ नम्वर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेकी हुन् । नगरप्रमुख लामाले निकट भविष्यमा उपमहानगरलाई बालमैत्री नगर घोषणा गरिने बताइन् ।

बालबालिकालाई विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी सक्षम बनाउनुपर्ने जरुरी रहेको उल्लेख गरिन् । कार्यक्रम ८ नम्बर वडाध्यक्ष रामकृष्ण थापाको सभाध्यक्षतामा भएको हो । वडाध्यक्ष थापाले बालमैत्री वडा घोषणाको लागि आवश्यक ५१ वटा सूचकमध्ये ४६ वटा सूचक शतप्रतिशत र बाँकी ५ वटा सूचक ९० प्रतिशत भन्दा माथि पूरा गरेको जानकारी दिए ।

कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँ, प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, बिभिन्न वडाका वडाअध्यक्षहरु लगायत टोल विकास संस्थाका प्रतिनिधि, स्थानीयको सहभागिता रहेको थियो ।

# स्पेनले कीर्तीमानी चौथो पटक जित्यो युरो उपाधि



काठमाडौं/स्पेनले कीर्तिमानी चौथो पटक युरोकपको उपाधि जितेको छ । जर्मनीको बर्लिनमा भएको फाइनलमा इंग्ल्याण्डललाई २-१ ले पराजित गर्दै स्पेनले सर्वाधिक चौथो पटक युरो जित्ने कीर्तिमान बनाएको हो ।

स्पेनका लागि निको विलियम्स र मिकेल ओयाजाबालले गोल गरे । इंग्ल्याण्डका कोल पाल्मरले एक गोल फर्काए । पहिलो हाफको खेल गोलरहित बराबरीमा सकिएपनि दोस्रो हाफमा तीन गोल भएको थियो ।

खेलको ४७औं मिनेटमा निको विलियम्सले गोल गर्दै स्पेनलाई पहिले अग्रता दिलाएका थिए । तर ७३औं मिनेटमा कोल पाल्मरले इंग्ल्याण्डका लागि बराबरी गोल फर्काए । निर्धारित समयमा खेल बराबरीतर्फ अघि बढिरहेको थियो बेला ८६औं मिनेटमा ओयाबाजलले गोल गर्दै स्पेनलाई २-१ को अग्रता दिलाए । त्यही अग्रता कायम राख्दै स्पेनले खेल जित्यो र चौथो पटक युरो च्याम्पियन बन्यो ।

स्पेनले सन् १९६४ को दोस्रो संस्करणमा पहिलो पटक उपाधि जितेको थियो भने सन् २००८ र २०१२ मा लगातार युरो जितेको थियो । स्पेन युरोको सर्वाधिक सफल टोली बनेको छ ।

इंग्ल्याण्ड भने लगातार दोस्रो पटक उपविजेतामै रोकिएको छ । यसअघि २०२१ मा भएको युरोको फाइनलमा इंग्ल्याण्ड घरेलु मैदानमै इटलीसँग पेनाल्टीसुटआउटमा पराजित भएको थियो ।

# डेंगु संक्रमित १५०० नाघे, जोखिम कात्तिकसम्मै रहने

काठमाडौं/नेपालमा यस वर्ष डेंगु संक्रमितको संख्या १ हजार ५४४ हजार नाघेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांक अनुसार सन् २०२३ यता १ हजार ५३३ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ ।

यो वर्ष डेंगुको संक्रमण सबैभन्दा धेरै काठमाडौंमा देखिएको छ । काठमाडौं जिल्लामा १८३ जनामा संक्रमण पुष्टि भएको छ । त्यस्तै झापामा १२३, चितवनमा ९०, मकवानपुरमा ७०, ओखलढुंगामा ५३, तनहुँमा ५३ र डोटीमा ५० जना संक्रमित भइसकेका छन् ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको कीटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा. गोकर्ण दाहालका अनुसार यसवर्ष पनि डेंगुको जोखिम कात्तिक अन्तिमसम्म रहने छ । एक दशकको तथ्यांकलाई हेर्दा डेंगु सबैभन्दा बढी असार, साउन, भदौ, असोज र कात्तिकसम्म रहने देखिन्छ ।

'गत वर्ष मनसुन चाडै सक्रिय भएकाले डेंगु चाँडै फैलिन सुरु गरेको थियो । यसवर्ष भर्खरै मनसुन सक्रिय भएको छ । अबका दिनमा डेंगुका बिरामी बढ्छन्', डा. दाहालले भने 'अघिल्ला वर्षका तथ्यांकलाई हेर्दा कात्तिकसम्म जोखिम रहने देखिन्छ ।' एडिस एजेप्टाई र एडिस एल्वोपेक्टस नामका लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु संक्रमण नेपालमा पहिलो पटक २००४ मा चितवनमा आएका एक विदेशी नागरिकमा भेटिएको थियो ।

त्यसपछि २००६ मा तराई र भित्री मधेशका केही जिल्लामा डेंगुका बिरामी भेटिएका थिए । सन् २०१६ मा चितवन, झापा र रूपन्देहीमा महामारीकै रूपमा डेंगु देखियो । सन् २०२० मा धरानमा फैलिएको डेंगुबाट १८ हजार मानिस संक्रमित भए, ४३ जिल्लामा फैलिएको डेंगुले १२ जनाको मृत्यु भयो । त्यसयता क्रमशः डेंगु संक्रमितको संख्या मात्रै बढेन संक्रमण अन्य जिल्लामा समेत फैलियो ।

सन् २०२२ मा आइपुग्दा डेंगु संक्रमित ७७ वटै जिल्लामा फैलिंदा ५४ हजारभन्दा बढी संक्रमित भए । उनीहरूमध्ये ८८ जनाको मृत्यु भएको थियो । २०२३ मा भने कोशी प्रदेशमा डेंगु फैलिएको थियो । २० जना मृत्यु हुँदा ५२ हजारभन्दा बढी संक्रमित भएका थिए । 'पछिल्ला दिनमा चिसो मौसममा समेत डेंगुका बिरामी देखिएका छन् । अब डेंगु सदाबहादर देखिने आकलन गर्न सकिन्छ', डा. दाहालले भने । विज्ञका अनुसार डेंगु सार्ने लामखुट्टेको वृद्धि, विकास हुने ठाउँ फालिएका टायर, फलाम र प्लास्टिकका ड्रमहरू हुन् ।

# सागर लम्साल 'बले'ले कसे लगनगाँठो

काठमाडौं/'बले' उपनामले परिचित हाँस्य अभिनेता सागर लम्साल विवाह बन्धनमा बाँधिएका छन् । आइतबार झापाकी स्नेहा दंगालसँग उनले लगनगाँठो कसेका हुन् । यतिबेला चाबहिलको एक पार्टी प्यालेसमा उनीहरुको विवाह समारोह चलिरहेको छ । पेशाले नर्स रहेकी स्नेहासँग सागरको मागी विवाह भएको हो । प्राप्त एक तस्वीरमा उनीहरु बेहुला-बेहुलीको पहिरनमा हर्षित भावमा देखिएका छन् ।

चर्चित हाँस्य टेलिसिरियल 'भद्रगोल' र 'सक्किगोनि'मा निर्वाह गरेको 'बले' चरित्रले चर्चामा आएका सागरले फिल्ममा समेत अभिनय गरेका छन् । निर्माता छवि ओझाको 'लोफर'बाट फिल्ममा ब्रेक पाएका उनले 'लज्जा' र 'हैरान' फिल्ममा पनि अभिनय गरेका छन् । तर, करिब ५ वर्षदेखि उनी कुनै फिल्ममा देखिएका छैनन् । बरु यो बीचमा उनले सयौं म्यूजिक भिडियोमा काम गरिसकेका छन् । अब सागर 'सक्किगोनि' समूहकै फिल्म 'लाज शरणम्'मा मुख्य भूमिकामा देखिँदैछन् । आगामी फागुन १४ गते (महाशिवरात्री)लाई फिल्मको प्रदर्शन मिति समेत घोषणा भइसकेको छ । यो फिल्मपछि 'बले' आफैं फिल्म निर्माण गर्ने योजना छन् । केही महिनाअघि उनले संचारकर्मीसँगको कुराकानीमा आफैंले फिल्म बनाउन लागेको र त्यसका लागि स्क्रिप्ट लेख्ने काम भइरहेको जनाएका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# सडकमै निर्माण सामग्री, बढाउँदै सवारी असुरक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ सढककिनारमा असरल्ल छाडिएका निर्माण सामग्रीले सडक्लाई असुरक्षित बनाइरहेको छ । निर्माण कार्यका लागि थुपारिएका सामग्रीको व्यवस्थापन सही ढंगबाट नहुँदा सडकयात्रा जोखिमपूर्ण बन्दै गएको हो ।



सार्वजनिक, निजी निर्माणका लागि सडक छेउमा निर्माण सामग्री राख्दा सवारी आवागमनमा समस्या हुनुको साथै दुर्घटनाको जोखिम बढेको छ । हेटौंडा बजार क्षेत्रमा साँघुरा सडक र राजमार्गका किनारमा निर्माण सामग्री राख्दा दुर्घटना जोखिम निम्तिने गरेको हो । सडकलाई सुरक्षित बनाउन न राज्यका निकायले ध्यान दिएको छ न नै निर्माण कम्पनीले चासो दिने गरेको छ ।

राज्यका निकायको उदासीनता र निर्माण कम्पनीको लापरबाहीका कारण सडकयात्रा जोखिमपूर्ण बनिरहेको छ । सडकपेटी, नाला तथा अन्य निर्माण कार्य गर्दा ठेकेदारले जथाभाबी निर्माण सामग्री सडक किनारमा राख्दा दुर्घटना बढेको हेटौंडा-६ की लक्ष्मी श्रेष्ठले बताइन् । सडकमा असरल्लरुपमा गिट्टी बालुवा, ढुंगा राख्दा सडकमा आवतजावत गर्न कठिन भइरहेको र साँघुरा सडकमा स्कुल बस, दैनिक उपभोग्य सामग्री ल्याउन समस्या हुने गरेको उनको भनाई छ ।

विषेशगरी दुई पांग्रे सवारीसाधन निर्माण सामग्रीमा चिप्लेर लड्ने गरेको हेटौंडा-६ का रोशन सापकोटाले बताए । सार्वजनिक तथा निजी निर्माणकार्यका लागि ल्याइने सामग्री व्यवस्थापनमा सरोकारवाला निकायले बेवास्ता गर्दा समस्या भएको उनले बताए ।

शुक्रबार मात्र सडकछेउमा थुपारिएको निर्माण सामग्रीमा मोटर साइकल चिप्लिँदा २ जना गम्भीर घाइते भएका छन् । शुक्रबार राती ९:३० बजेको समयमा सडक छेउमा थुपारिएको निर्माण सामग्रीमा चिप्लिएर हेटौंडाबाट हर्नामाडी जाँदै गरेका २ वटा मोटरसाइकल मदन भण्डारी राजमार्ग (धरान चतारा सडक खण्ड) अन्तर्गतको हेटौंडा-६ पुतलीबजार भुलभुले भन्ने स्थानमा दुर्घटनामा परेका थिए ।

दुर्घटनामा २ जना गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । सडकको ढलको ढकन बनाउनका लागि सडककिनारमा राखेको ग्राभेल र बालुवामा चिप्लिएर बागमती प्रदेश ०३-००३ प ७१२६ नम्बरको मोटरसाइकल चालक हेटौंडा-१८ का सुमन दुलाल र सोही स्थानका बागमती प्रदेश ०३-००५ प ६३०९ नम्बरका चालक विनायक दुलाल घाइते भएका थिए । घाइते दुवैलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । हेटौंडा अस्पतालमा उपचार हुन नसकेपछि उनीहरुलाई थप उपचारका लागि पुरानो मेडिकल कलेज पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

डिएस्पी भण्डारीका अनुसार निर्माणसामग्रीको व्यवस्थापन सडक क्षेत्रको निर्माण कार्य गराउने र गर्ने व्यवसायीको पहिलो दायित्व हुने हो । दुवैपक्षले उचित व्यवस्थापन गर्न नसक्दा दुर्घटना भएको र त्यस विषयमा सरोकारवाला निकायको रुपमा प्रहरी प्रशासनको ध्यानाकर्षण भएको उनले बताए । निर्माण कार्य सञ्चालनको अनुमति दिएको सडक डिभिजन कार्यालय हेटौंडाले भने थोरै अवधिको काम भएकाले सुरक्षाको विषयमा प्राथमिकताका साथ हेर्न नभ्याएको जनाएको छ । सम्बन्धित वडा कार्यालयको सिफारिसमा अत्यावश्यक भएकाले असारमा मात्रै कोटेसनको आधारमा निर्माण कार्य गरिएको कार्यालय प्रमुख राजेश कुमार यादवले जानकारी दिए । सडक क्षेत्रको निर्माण कार्यमा प्रयोग हुने सामग्रीको व्यवस्थापन सडक सुरक्षालाई ध्यानमा राखेर सम्बन्धित निर्माण व्यवसायीले गर्नुपर्ने उनको भनाई छ ।

# विश्वासको मत र राजीनामा दिन मुख्यमन्त्री जम्कट्टेल अलमलमा

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल विश्वासको मत लिने वा राजीनामा दिने भन्नेमा अलमलमा देखिएका छन् ।

माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलको बैठकले २३ असारमा विश्वासको मत लिने निर्णय गरेपनि उनी राजीनामा दिने तयारीमा रहेको बुझिएको छ । सत्तासाझेदार दल नेकपा एमालेले २४ असारमा सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै अल्पमतमा परेका जम्कट्टेलसँग विश्वासको मत लिने र राजीनामा दिएर बर्हिगमनको बाटो रोज्नु पर्ने दुई विकल्प छन् । तर, नेपाली कांग्रेस र नेकपा एमालेबीचको सत्तासमिकरणले जम्कट्टेलको बर्हिगमन निश्चित छ ।

उनलाई एमाले र नेपाली कांग्रेसले तत्काल मार्गप्रशस्त गर्न विज्ञप्तिमार्फत आग्रह गरिसकेका छन् । नेकपा माओवादी केन्द्र बागमती प्रदेशका मुख्यसचेतक रत्नप्रसाद ढकालले संसदीय दलले विश्वासको मत लिने निर्णय गरेपनि मुख्यमन्त्री राजीनामा दिने की भन्ने सोचमा रहेको बताए । 'विश्वासको मत लिने यसअघि निर्णय भएको हो । तर, अहिले मुख्यमन्त्रीज्युलाई विश्वासको मत लिने की राजीनामा दिने भन्ने भइरहेको छ । अहिले नै यही गर्छौं भन्ने स्थिति छैन । नेकपा (एकीकृत समाजवादी)सँग सोमबार बैठक बसेर टुंग्याउँदैछौं ।,' ढकालले भने ।

केन्द्रीय सत्तासमीकरणमा फेरबदल आएसँगै नेकपा माओवादी केन्द्रले नेतृत्व गरिरहेको बागमतीमा एमालेले समर्थन फिर्ता लिएको छ । गठबन्धनमै रहेका एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले समर्थन कायम राखेका छन् । २५ पुस २०७९ मा एमाले, राप्रपा, माओवादी केन्द्र र एकीकृत समाजवादीको सत्तासमीकरणबाट दोस्रो कार्यकालको पहिलो सरकारको नेतृत्व माओवादी केन्द्रका जम्कट्टेलले गरेका थिए । यो सरकार साढे २ महिनामात्रै टिक्यो र एमाले सरकारबाट बाहिरियो ।

१० चैत २०७९ मा मुख्यमन्त्री जम्कट्टेलले कांग्रेस र एकीकृत समाजवादीसँगको गठबन्धन सरकारका लागि विश्वासको मत लिएर सरकार टिकाए । २० फागुन २०८० मा फेरि एमालेसँग माओवादीको केन्द्रीय सत्तासमीकरण बनेसँगै बागमतीमा एमाले चैत पहिलो साता सरकारमा गएको थियो । एमाले, माओवादी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको सरकार गठन भएको हो । बागमतीमा अब चौथो पटक एमाले र कांग्रेसको गठबन्धन सरकार बन्नेछ ।

# शिक्षक विकास उत्पादनमा सहकार्य र सहयात्राको लागि सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ एष्ट्रोनोभा फाउण्डेशन नेपाल र काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेशनबीच स्टिम शिक्षण सिकाई पेडागोजीमा आधारित शिक्षक विकास उत्पादनमा सहकार्य र सहयात्राको लागि सम्झौता भएको छ ।

फाउण्डेशनले मकवानपुर लगायत आसपासका क्षेत्रमा गर्न लागेको विद्यालय स्टिम कार्यक्रम, किताबरहित शुक्रबार र विद्यालय अघि वा पछिको समयमा विद्यार्थीमा सृजनशीलता, अनुसन्धानात्मक एवम् वैज्ञानिक सोच संस्कृतिको विकासका लागि जापनीज वा सिङ्गापुरियन मोडलका आफ्टर स्कुल कार्यक्रम संचालनलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार पार्ने, दीगो र प्रभावकारीरुपमा सञ्चालन गर्ने उद्देश्यले विश्वविद्यालयसँग सम्झौता गरेको हो ।

विहिबार फाउण्डेशनका अध्यक्ष किशन बास्तोला, प्रबन्धक निर्देशक इन्जिनियर आयुष बस्नेत, इन्जिनियर साहिल श्रेष्ठ, मन्दिल बिष्ट र विश्वविद्यालय स्कुल अफ एजुकेशनका डिन डा.बालचन्द्र लुइँटेल, सीपिएसी संयोजक पार्वती ढुंगाना, स्टिम विभाग प्रमुख विनोद पन्त र शिक्षक प्रशिक्षक मदन रिजालको उपस्थितमा स्टिम शिक्षक प्रशिक्षण कार्यक्रम संञ्चालन र कार्यान्वयन गर्न सम्झौतामा हस्ताक्षर भएको हो ।

सम्झौतामा हस्ताक्षर पश्चातको छलफलमा संस्थाका अध्यक्ष बास्तोलाले सम्झौता भएसँगै अब काठमाडौं विश्वविद्यालयले सुरुआती चरणमा ३० जना युवालाई सर्टिफाई गर्नेगरी ३ क्रेडिट आवरको कोर्ससँगै स्टिम प्रशिक्षक तयार बनाई रोजगारीमा जोड्ने लक्ष्य रहेको जानकारी दिए । काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसनका प्राध्यापक, डिन एवम शिक्षाविद् लुइँटेलले शिक्षामा साँच्चै परिवर्तनको खाँचो छ भन्ने महसुस गर्ने विद्यालयसँग सहकार्य गरेर काम गर्न सुझाएका थिए । साथै यसमा काठमाडौं विश्वविद्यालयले आवश्यकता पहिचान, विश्लेषण र कार्यक्रम कार्यान्वयनमा फाउण्डेशनलाई आवश्यक सहयोग गर्ने बताए ।

स्नातक वा स्नातकोत्तर पढ्दै गरेका विद्यार्थीलाई विश्वविद्यालयका विज्ञटोलीद्वारा प्रशिक्षण गराई सक्षम प्रशिक्षक उत्पादनका लागि सहकार्य गर्न दुबैपक्ष तयार भएको सम्झौतामा उल्लेख छ । साथै संस्थाले तालिममा सामेल हुने र त्यसपश्चात् कम्तिमा दुईवर्ष समय दिनसक्ने युवाको लागि ३० जनाको सिट रहने गरी चाँडै दरखास्त आह्वान गर्ने र यस कार्यक्रममा स्टिम शिक्षामा काम गर्न इक्छुक इन्जिनियरिङ, आइटी, विज्ञान, वनविज्ञान, शिक्षाशास्त्र, ब्यबस्थापन, मानविकी संकायका विद्यार्थीले दरखास्त दिन सक्ने फाउण्डेशनका अध्यक्ष बास्तोलाले बताए ।

# कैलाश र बकैयाको वित्तीय प्रगति ८४ प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ मकवानपुरको दुर्गम कैलाश गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगति ८४.०४ प्रतिशत हासिल गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ का लागि कुल ५२ करोड ४२ लाख ५५ हजार ३ सय ५ रुपैयाँ बजेट विनियोजन गरेकोमा ४३ करोड ९५ लाख ३५ हजार ७३ रुपैयाँ बजेट पालिकाले खर्च गरेको प्रमुख प्रशासकीय अधिकृत बिनोद रोकाले जानकारी दिए । गाउँपालिकाको अनुसार पुँजीगत ८४.९४ प्रतिशत र चालुतर्फ ८३.१५ प्रतिशत बजेट खर्च भएको छ । पालिकाले पुँजीगततर्फ २० करोड २५ लाख ४५ हजार ३ सय ८० रुपैयाँ बजेट विनियोजन गरेकोमा १७ करोड ११ लाख १४ हजार ५ सय ६७ रुपैयाँ खर्च गरेको छ ।

त्यसैगरी चालुतर्फ ३२ करोड २७ लाख ९ हजार ९ सय २५ रुपैयाँ बजेट विनियोजन गरेकोमा २६ करोड ८३ लाख ४० हजार ५ सय ६ रुपैयाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत रोकाले जानकारी दिए । यसैगरी, मकवानपुरको बकैया गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा ८३.९७ प्रतिशत वित्तीय प्रगति गरेको छ । पालिकाले चालुतर्फ ८७.३९ प्रतिशत र पुँजीगततर्फ ७६.४८ प्रतिशत वित्तीय प्रगति हासिल गरेको लेखाअधिकृत युवराज सुवेदीले बताए ।

हेटौंडा उपमहानगरपालिका भएर बग्ने राप्ती खोला (नवलपुर-आल्दमार जोड्ने पुलदेखि उपमहानगरपालिकाको सिमानाको सम्प वेलसम्म) विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगोरुपमा उत्खनन् तथा संकलन कार्यका लागि

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना !

*(प्रकाशित मिति: २०८१/०३/३१)*

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, नगरपालिका रोड, वडा नं २, हेटौंडा, प्रस्तावक रहेको बागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिकाको वडा नं ११, ३ र १९ भएर बग्ने राप्ती खोला (नवलपुर-आल्दमार जोड्ने पुलदेखि उपमहानगरपालिकाको सिमानाको सम्प वेल सम्म)को विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगोरुपमा उत्खनन् तथा संकलन कार्यका लागि प्रस्ताव गरिएको छ । बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को अनुसूची २ ग(७) अनुसार नदीनाला सतहबाट दैनिक १०० घन मिटरभन्दा बढी ३०० घन मिटरसम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने प्रस्तावको लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सिलसिलामा प्रस्तावबाट प्रभावपर्न सक्ने स्थानीय समुदाय, वडा अध्यक्ष एवम् वडास्तरीय जनप्रतिनिधि र अन्य सरोकारवाला व्यक्ति तथा संघ संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा देहायका मिति, स्थान र समयमा आयोजना हुन लागेको सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई दिनुहुन अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| प्रा.वा.प. प्रस्ताव | मिति र समय | स्थान |
|---|---|---|
| हेटौंडा उपमहानगरपालिकाको वडा नं ११, ३ र १९ भएर बग्ने राप्ती खोला (नवलपुर-आल्दमार जोड्ने पुलदेखि उपमहानगरपालिकाको सिमानाको सम्प वेलसम्म) विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगोरुपमा उत्खनन् तथा संकलन कार्य | २०८१/०४/०२, दिउँसो २:०० बजे | ३ नं वडा कार्यालयको सभाहल |

प्रस्तावक

**हेटौंडा उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
नगरपालिका रोड, वडा नं २
फोन: +९७७-०५७-५२०३७७
इमेल: info@hetaudamun.gov.np, hetaudamun.suchana@gmail.com
Web: www.hetaudamun.gov.np

हेटौंडा उपमहानगरपालिका भएर बग्नेराप्ती नदी तथा किसेडी खोलाको (किसेडी खोलादेखि नवलपुर झोलुङ्गे पुलसम्म) विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगोरुपमा उत्खनन् तथा संकलन कार्यका लागि

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना !

*(प्रकाशित मिति: २०८१/०३/३१)*

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, नगरपालिका रोड, वडा नं २, हेटौंडा, प्रस्तावक रहेको बागमती प्रदेश, मकवानपुर जिल्ला हेटौडाउपमहानगरपालिकाको वडा नं १ र ११ भएर बग्ने राप्ती नदी तथा किसेडी खोला (किसेडी खोला देखि नवलपुर झोलुङ्गे पुलसम्म) को विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगोरुपमा उत्खनन् तथा संकलन कार्यका लागि प्रस्ताव गरिएको छ । बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को अनुसूची २ ग(७) अनुसार नदीनाला सतहबाट दैनिक १०० घन मिटरभन्दा बढी ३०० घन मिटरसम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने प्रस्तावको लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सिलसिलामा प्रस्तावबाट प्रभाव पर्नसक्ने स्थानीय समुदाय, वडा अध्यक्ष एवम् वडा स्तरीय जनप्रतिनिधि र अन्य सरोकारवाला व्यक्ति तथा संघ संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा देहायका मिति, स्थान र समयमा आयोजना हुन लागेको सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई दिनुहुन अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| प्रा.वा.प. प्रस्ताव | मिति र समय | स्थान |
|---|---|---|
| हेटौंडा उपमहानगरपालिकाको वडा नं १ र ११ भएर बग्नेराप्ती नदी तथा किसेडी खोलाको (किसेडी खोला देखि नवलपुर झोलुङ्गे पुलसम्म) विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगोरुपमा उत्खनन् तथा संकलन कार्य | २०८१/०४/०२, बिहान ११:०० बजे | १ नं वडा कार्यालयको सभाहल |

प्रस्तावक

**हेटौंडा उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
नगरपालिका रोड, वडा नं २
फोन: +९७७-०५७-५२०३७७
इमेल: info@hetaudamun.gov.np, hetaudamun.suchana@gmail.com
Web: www.hetaudamun.gov.np

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रु.१५००/-

**कार्यक्रमहरू**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाई प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना